# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं, मंसीर १९ गते २०४८ साल (अतिरिक्ताङ्क ५५ (ख+१)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला मित्र राष्ट्र भारतको औपचारिक भ्रमणमा त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको राजदरबार सम्बन्धी, रक्षा र परराष्ट्र मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय जलस्रोत र संचार मन्त्री श्री वासुदेव रिसालले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय अर्थ राज्यमन्त्री श्री महेश आचार्य सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको साथ भारतको औपचारिक भ्रमणमा सम्मिलित भै जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य राज्यमन्त्री डा. रामवरण यादवले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,  
रेवतीरमण खनाल  
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

535

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

540